दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| खण्ड : | संख्या : २० | मितिः २०७५।९।०१ |
|---|---|---|

भाग-२

## दमक नगरपालिका, झापा

प्रस्तावना : दमक नगरपालिका क्षेत्रमा संचालनमा रहेका बालुवा प्रशोधन उद्योग, मावा र रतुवा खोलाहरुबाट नदीजन्य सामाग्री उत्खनन् संकलन र ढुवानी कार्यलाई सरल, सहज र दिगो व्यवस्थापन गर्नकालागि नेपालको संबिधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी  यो कार्यविधि बनाइएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बालुवा प्रशोधन उद्योग तथा नदीजन्य सामाग्री व्यवस्थापन कार्यविधि २०७५"** रहेको छ।

(२) यो कार्यविधि दमक नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन  भएको मितिबाट लागू हुनेछ ।

## परिच्छेद २
## वालुवा प्रशोधन तथा संकलन व्यवस्था

**२. बालुवा प्रशोधन उद्योग सम्बन्धमा** : (१) यस नगरपालिका क्षेत्र भित्र हाल सम्ममा स्थापना भएको बालुवा प्रशोधन उद्योग, क्रसर उद्योगहरुको विवरण व्यवसायीहरुले यो कार्यविधि लागू भएको दिन देखि १५ दिन भित्रमा उद्योग सम्बन्धी दर्ता लगायतका आवश्यक कागजात, Initial Environmental Examination (IEE), Environmental Management Plan (EMP)लगायतका प्रतिवेदन यस दमक नगरपालिकमा बुझाउनु पर्ने छ ।

(२) बालुवा प्रशोधन उद्योग, क्रसर उद्योगहरुको मापदण्ड, नियम पालन गरे नगरेको अनुगमन यस नगर कार्यपालिकाबाट गरिनेछ र मापदण्ड अनुसार नभएको पाईएमा नगर कार्यपालिकाले सो उपर कार्वाही गर्ने गराउनेछ ।

(३) बालुवा प्रशोधन उद्योग/क्रसर उद्योगहरुले नदीजन्य सामाग्रीको निर्यात तथा खपत विवरण प्रत्येक १५।१५ दिनमा यस नगर कार्यपालिकामा बुझाउनु पर्नेछ । साथै, कुन खोला वा खानीको नदीजन्य सामाग्री भण्डारण भएको हो सो सम्बन्धमा समेत दमक नगर कार्यपालिकामा जानकारी गराउनु पर्नेछ ।

(४) नदीजन्य समाग्री ढुवानी गर्ने सडक तथा पहुचमार्ग समेत उल्लेख गर्नु पर्नेछ। उक्त सडकको खाल्डा खुल्डी र पानी स्वयम प्रसोधन व्यवसायीले नै हाल्नु पर्ने छ।

(५) ढुवानी कर्ताले बालुवा प्रशोधन उद्योगबाट विक्रीभएको सामाग्रीको रसिद (मुल्य अभिबृद्धि कर सहित) साथमा राखीढुवानी गर्नु पर्नेछ । ढुवानीको गाडी संगै रसिद नभएको खण्डमा  नगर कार्यपालिकाले कर अशुल गर्न गराउन सक्नेछ ।

(६) नगर कार्यपालिकाले आवश्यक्ता अनुसार आकस्मिक रुपमा समेत नदीजन्य सामाग्रीको भण्डारण स्थलको निरीक्षण गर्न सक्नेछ ।

३. **कर संकलन सम्बन्धमा** : (१) अन्य स्थानीय तहमा नदीजन्य सामाग्रीको कर तिरी सके पछी दमक नगर क्षेत्रमा सोही सामाग्रीको सोही कर दोहोरो  लिईने छैन । तर कर तिरेको प्रमाण देखाउन नसकेमा प्रवेश गरिने स्थानीय तहमा कर अशुल गर्न बाधा पर्ने छैन ।

(२) कर छली गर्ने उदेश्यले वा नगर कार्यपालिकाले निषेधित गरेको स्थान वा समयमा लुक्की छिपी उत्खनन् वा ढुवानी गरेको पाईएमा त्यस्तो उत्खनन् भएको सामाग्री जफत गरी सो सामाग्रीमा लाग्ने कर असुल गर्ने गराईने छ र सो बरावरको जरिवाना समेत गरी नगर कार्यपालिकाको कार्यालयमा जम्मा गरिनेछ । साथै सोको सूचना दिने वा पक्राउ गर्ने व्यक्तिलाई पुरस्कार स्वरुप असुल भएको जारिवानाको २५ प्रतिशत रकम उपलव्ध गराईने छ ।

# परिच्छेद ३
# नदीजन्य सामग्रीको उत्खनन

४. **घाटगद्धी सम्बन्धमा : (१)** नेपाल सरकारबाट नदीजन्य सामाग्रीको उत्खनन्, संकलन तथा ढुवानीमा प्रतिवन्ध लगाईने असार, श्रावण र भाद्र महिनामा घाटगद्दि गरी राखिएको सामाग्री विक्री तथा ढुवानी गर्नु परेमा नगर कार्यपालिकामा निवेदन दिई भण्डारण प्रमाणित गराएर मात्र ढुवानी गर्न पाईनेछ । भण्डारण प्रमाणित गराउँदा सेवाशुल्क वापत प्रति घ.मि. रु. १५।- का दरले शुल्क लिइनेछ

(२) भण्डारण प्रमाणित भए पछि भण्डारण कर्ताले प्रत्येक १५।१५ दिनमा खपत भएको सामाग्रीको विवरण यस दमक नगर कार्यपालिकामा बुझाउनु पर्ने छ ।

(३) भण्डारण प्रमाणित भएको मिति देखि कुल मौज्दात घटेको हुनु पर्नेछ । यदी अनुगमनको क्रममा भण्डारण प्रमाणित गरेको मौज्दात भन्दा बढी पाईएमा नियमानुसार कारवाही हुनेछ ।

५. **निजी जमिनबाट नदीजन्य सामाग्रीको उत्खनन् र व्यवस्थापन सम्बन्धमा :** विगत वर्षहरुका बाढीको कारणले बिग्रेको जमिन मिलाउदा वा पोखरी निमार्ण गर्दा सोबाट निस्किने बालुवा, ढुङ्गा, गिट्टी सोहि ठांउमा थुपार्नु पर्ने वा पोखरीको डिलमा प्रयोग गर्नु पर्नेछ । यदी उक्त सामाग्रीहरु विकास निमार्णको कार्यमा प्रयोग गर्नु परेमा प्रदेश सरकारबाट स्वीकृत भएको दर अनुसारको राजश्व नगर कार्यपालिकामा बुझाई अनुमती लिएर मात्र सामाग्रीको ओसार पोसार गर्न पाईने छ ।

६. **वातावरणीय नकारात्मक प्रभाव न्युनिकरण सम्बन्धमा :** नदीजन्य सामाग्री उत्खनन्, संकलन, प्रशोधन तथा ढुवानी कार्यमा संलग्न व्यवसायीहरुले प्रयोग गर्ने सडकको खाल्डा खुल्टी पुर्ने, धुलो नउडने गरी पानीले भिजाउने कार्य एकल वा सामुहिक रुपमा गर्नु पर्नेछ । यसका लागि सम्बन्धीत वडा कार्यालयले आवश्यक समन्वय गर्नेछ ।

## परिच्छेद ४
## जरिवाना सम्बन्धी व्यवस्था

७. **जरिवाना सम्बन्धमा :** (१) नदीजन्य सामाग्रीको उत्खनन्, संकलन, ढुवानीकार्यमा देहाय अनुसार नभएको खण्डमा दण्डनीय हुनेछ

(क) निषेधित क्षेत्रबाट नदीजन्य सामाग्री उत्खनन् संकलन गरेमा ।

(ख) अनुमति विना हेभि मेसिनरी  सामाग्री नदी भित्र प्रवेश गराएमा ।

(ग) वातावरणीय दृष्टिले संवेदनशिल क्षेत्र जस्तै पुलको ५०० मि. तल माथी, तटबन्ध गरिएको स्थान नजिक क्षेत्रबाट, खोलाको दुवै किनार क्षेत्रहरुबाट नदीजन्य सामाग्री उत्खनन् संकलन गरेमा, IEE प्रतिवेदन अनुसारको मापदण्ड र प्रावधान विपरित बढी गहिराई र चौडाईमा उत्खनन् गरेमा ।

(घ) अनुमति नलिई नगर कार्यपालिकाले तोकेको स्थान र समय भन्दा बाहिर उत्खनन् र ढुवानी गरेमा ।

## परिच्छेद ५
## विविध

**८. यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेको हकमा प्रचलित नेपाल कानुन (संघीय र प्रदेश) अनुसार हुनेछ ।**

**९. वाधा अड्काउ :** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा प्रचलित कानून बमोजिम नगर कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१०. यो कार्यविधिमा उल्लेख भएको कुरा यसै कायीविधि बमोजिम हुनेछ । यस कार्यविधिमा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ ।**

**११. संशोधन र खारेजी :** यस ऐन आवश्यक्ता अनुसार संसोधन र खारेजी नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**